# कुश्मा ई-बुलेटिन

मासिक

बर्ष: २ अंक : २ मंसिर , २०७८




## कुश्मा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

Email- info@kushmamun.gov.np phone:067420141
website : www.kushmamun.gov.np

## क्षमता अभिवृद्धि तालिम सम्पन्न :

मिति २०७८ मंसिर ३ गते कुश्मा नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । तालिममा नेपाल सरकारका पुर्व मुख्य सचिव डा. सोमलाल सुवेदी मार्फत संघीयता, स्थानीय सरकार र समग्र प्रशासनिक व्यवस्थापन तथा राजनीति र प्रशासन विचको अन्तरसम्बन्ध बिषयमा प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुमान सिंह गुरुङ, कानुनसंचार तथा प्रदेश सभा मामिला मन्त्रालयका उपसचिव काशीराम गैरे एवं कुश्मा न.पाका सम्पूर्ण शखाकाशाखा प्रमुख तथा कर्मचारीहरु तथा वडा सचिवहरुको उपस्थिति रहेको थियो ।








## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न ।

२०७८ मंसीर ९ गते लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान "orange the world: End violence against women now!" भन्ने अन्तराष्ट्रिय नारा र "घरैबाट शुरु गरौं, महिला हिंसा

अन्त्य गरौं" भन्ने राष्ट्रिय नारा सहित कुश्मा नगरपालिकाका कर्मचारीहरुविच अन्तरक्रिया गरि प्रतिबद्धता सहित हस्ताक्षर गरि कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत श्री कुमान सिंह गुरुङ ज्यूको अध्यक्षता तथा स्वागत मन्तव्य सामाजिक विकास शाखा प्रमुख श्री डिल कुमारी शर्माले गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन महिला बिकास निरीक्षक बुद्ध कुमारी अर्यालले गर्नु भएको थियो ।






## अनमी(चौंथो) पदमा कार्यरत पुजा अर्यालको विदाई





मंसीर २० गते कुश्मा नगरपालिकामा अनमी (चौंथो) पदमा कार्यरत पुजा अर्यालको विदाई कार्यक्रम सप्पन्न भएको छ । उहाँ अध्ययन एवं पारिवारिक शिलशिलामा अमेरिका जाँदै हुनुहुन्छ । कुश्मा नगरपालिकाको तर्फबाट उहाँलाई शैक्षिक एवं अन्य सफलताको शुभकामना व्यक्त गर्दछौं ।

## बधाई ज्ञापन कार्यक्रम सम्पन्न



कुश्मा नगरपालिकाका नगर प्रमुख रामचन्द्र जोशी नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा गण्डकी प्रदेशको सह-महामन्त्री एवं नगर उप-प्रमुख सीता काफ्ले लामिछानेगण्डकी प्रदेश सदस्य पदमा लोकप्रिय मत सहित बिजयी हुनुभएकोमा उहाँहरुलाई एक कार्यक्रम गरि बधाई एवं शुभकामना प्रदान गरिएको छ ।

सिङ्गो नगरपालिकाको तर्फबाट मेयर एवं उप-मेयर ज्युलाई आगामी राजनीतिक एवं सामाजिक जीवनको उच्च सफलताको शुभकामना व्यक्त गर्दछौं ।





## कुश्मा नगरपालिकाका विद्यालयलाई IEMIS अभिमुखीकरण कार्यशाला




कुश्मा नगरपालिकाको आयोजनामा विद्यालहरुको लागि एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) सम्बन्धि दुई दिने (मङसिर २० र २१ तथा मङसिर २७ गते) अभिमुखीकरण कार्यशाला सम्पन्न भएको छ ।उक्त अभिमुखीकरण कार्यशालामा नगरपालिकाभित्र रहेका माध्यमिक तथा नीजि विद्यालयमा कार्यरत लेखाका कर्मचारी, कम्प्युटर शिक्षक तथा प्रधानाध्यापकहरु गरी दुई चरण गरि ८० जनाको सहभागिता रहेको थियो ।



अभिमुखीकरण कार्यक्रममा शिक्षा विभागले तयार पारेको सफ्टवेयरमा शिक्षक तथा विद्यार्थीहरुको व्यक्तिगत विवरणहरु, विद्यालयका भौतिक विवरणहरु, आर्थिक कारोबार लगायतका तथ्याङ्कहरु भर्ने तरीका, सूचना व्यवस्थापनका पक्ष तथा सूचना अपलोड नगर्दा विद्यालयलाई पर्न सक्ने असर लगायतको बारेमा छलफल गर्ने तथा तथ्याङ्कलाई एकीकृत रुपमा व्यवस्थापन गर्ने तरीकाको बारेमा जानकारी दिइएको थियो नगर शिक्षा शाखाले जानकारी दिएको छ ।

कार्यशालाको उद्घाटन सत्रमा प्रमुख प्रशासकीय अधिकृत कुमानसिँह गुरुङ, सामाजिक विकास समितिका संयोजक शिव पौडेल, शिक्षा शाखा प्रमुख उपसचिव विष्णु प्रसाद तिवारी, लेखा अधिकृत कृष्णप्रसाद शर्मा, शिवालय माध्यमिक विद्यालयका प्राधानाध्यापक भूपेन्द्र चापागाईं, नुवार सुवेदीथर माध्यमिक विद्यालयका प्रधानाध्यापक दीपक सुवेदी, काफलचौर माध्यमिक विद्यालयका प्राधानाध्यापक प्रकाश गौतम, शुभकल्याण आधारभूत विद्यालयका प्रधानाध्यापक सुरेन्द्र शर्मा गौतम लगायतको पनि सहभागिता रहेको थियो । कार्यशालामा सहजीकरण शिक्षा अधिकृत दीपक सुवेदी र शिक्षक संजय रेग्मीले गरेका थिए ।

## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रमको समापन




December 10 मा सामाजिक विकास कार्यालय पर्वत र कुश्मा नगरपालिकाको समन्वयमा प्रमुख अतिथि जिल्ला समन्वय समितिका श्री मनोहर वि पौडेलले गर्नु भएको थियो भने कार्यक्रमको स्वागत मन्तव्य कुश्मा नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख डिलकुमारी शर्माले गर्नुभएको थियो । लैङ्गिक हिंसा सम्वन्धि श्री शिवालय मा.वि .का शिक्षक श्री




राजेन्द्र पहाडी र मानव अधिकार सम्वन्धी अधिवक्ता हरिनारायण रेग्मीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।त्यस्तै सो कार्यक्रमको अध्यक्षता प्रमुख जिल्ला अधिकारी देवि पाण्डे खत्री क्षेत्रीले गर्नुभएको थियो भने सो कार्यक्रममा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुमानसिंह गुरुङ लगायत नगरपालिकाका शाखा प्रमुख कर्मचारि ,सरकारि कार्यालयका प्रमुख ,पत्रकार ,संघ-संस्थाका प्रतिनिधि एंव अन्य सरोकारवाला व्यक्तिहरुको सहभागिता रहेको थियो।

| | | | | |
|---|---|---|---|---|
| १ | अपाङ्ग परिचयपत्र वितरण स्थानिय समन्वय समितिको बैठक संचालन | २०७८।०८।०२<br>२०७८।०८।२१ | पटक | २ |
| २ | अपाङ्गता भएका व्यक्तिहरुको अवस्था हेरेर सो | | वटा | ६ |

| | | | | |
|---|---|---|---|---|
| | अनुसारको अपाङ्ग परिचय पत्रप्र दान<br>क वर्ग- १<br>ग वर्ग-४<br>घ वर्ग-१ | | | |
| ३ | ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण | | वटा | ९ |
| ४ | ६० वर्ष उमेर पुगेका व्यक्तिहरुलाई सार्वजनिक यातायात र स्वास्थ्य उपचारको लागि सरल रुपमा सेवा सुविधा लिनका लागि आधार सृजना भएको | | | |
| ५ | २०७८ मंसीर महिनामा दर्ता भएका व्यवसाय संख्या | | वटा | ४ |
| ६ | २०७८ मंसीर महिनामा नवीकरण भएका व्यवसाय संख्या | | वटा | १० |

## महिला, बालबालिका शाखा

## २०७८ मंसिर महिनाको प्रगती विवरण

| सि. न. | प्राप्त भएका मुख्य उपलब्धि (नतिजा) | ईकाइ | परिमाण |
|---|---|---|---|
| १. | लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम | जना | ३५ |
| २.१<br>२.२ | लैङ्गिक हिंसा विरुद्ध प्रतिवद्धता जाहेर<br>लैङ्गिक हिंसा सम्वन्धि सचेतनामुलक कार्यक्रम कुश्मा नगरपालिकाका कर्मचारीहरुविच अन्तरकृया गरि संचालन | | |
| २. | अपाङ्गता परिचयपत्र सिफारिस समितिको बैठक | पटक | २ |
| | अपाङ्गता भएका व्यक्तिहरुको अवस्था हेरेर सो अनुसारको अपाङ्ग परिचय पत्र प्रदान | वटा | १० |
| ३. | ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण | वटा | ९ |
| ३.१ | ६० वर्ष उमेर पुगेका व्यक्तिहरुलाई सार्वजनिक यातायात र स्वास्थ्य उपचारको लागि सरलरुपमा सेवा सुविधा लिनका लागि आधार सृजना भएको | | |

कुश्मा नगरपालिका कार्यालय अन्तरगत योजना शाखा बाट २०७८ मंसिर महिनामा भएका कामको प्रगती बिवरणा तपशिल अनुसार रहेको ब्यहोरा अनुरोध छ ।

१.सम्झौता भएका योजनाहरु बिवरण

| सि.न. | योजनाको नाम | बिनियोजित रकम | जन श्रमदान | जम्मा |
|---|---|---|---|---|
| १ | शिबालयचोक शौचालयदेखी ट्राफिक सम्मको बाटो नाली निर्माण | ५००००० | ८८८७२८८. | ५८८८७२८८. |
| २ | रेडियो दिदि बहिनी | ५००००० | | ५००००० |

२.सम्पन्न भएका योजनाहरुको बिवरण

| सि.न. | योजनाको नाम | बिनियोजित रकम | जनश्रमदान | जम्मा |
|---|---|---|---|---|
| १ | सबै बाटाहरु सरसफाइ | १००००० | १९८४६४२. | ११९८४६४२. |
| २ | पोराजमार्ग.बा.देखी राम्चे हुदैं स्वास्थ्य चौकी सडक मर्मत | २५०००० | ४५७७९८३. | २९५७७९।८३ |
| ३ | साईकलचोक चुचन देउराली सडकको मल्याङदीखोला खण्डको ढलान | ४१९५९२४६. | ४१९५९२ ४६. | ४१९५९२४६. |
| ४ | सालघारी रेग्मीथोक भट्टेखरेत सिचाई | ५०००० | ८८८९८०. | ५८८८९८०. |
| ५ | पिप्लेखेत मार्ग ढलान | १५०००० | २७७७७०८. | १७७७७७०८. |
| ६ | बिपी स्मृती भवन अगाडी नाली निर्माण | ५२०००० | ९३२४२१६. | ६१३२४२१६. |

३.सुरक्षित नागरिक आवास निर्माण कार्यक्रम अन्तरगत सम्पन्न भएका घरहरुको नामावली

| सि.न. | नामथर | ठेगना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | रुपा लामीछाने | कु९ .पा .न. | ९८४३१७१६०४ |
| २ | चुडामणी कामी | कु१२ .पा .न. | ९८६०५८७१७३ |
| ३ | गोपालकान्त रिजाल | कु१ .पा .न. | ९८४७६७५२५२ |

| | | | |
|---|---|---|---|
| ४ | ठन्डे दर्जी | कु२ .पा .न. | ९८०५२६७२४९ |
| ५ | गंगा बि.क. | कु .पा .न.९ | ९८४७६७८४११ |
| ६ | प्रेम बि पौडेल. | कु१२ .पा .न. | ९८४०६१३३५२ |
| ७ | धर्मदत्त उपाध्याय | कु .पा .न.०९ | ९८६७७७८५३ |

## २०७८ मंसिरमा कुश्मा नगरपालिका स्वास्थ्य शाखा बाट सम्पन्न कार्यक्रम

१. १८ औ महिला सामुदायिक स्वास्थ्य स्वय सेविका दिवश १४ वटै वडामा कार्यक्रम गरी मनाइयो।

२. कुश्मा नगरपालिकाको वार्ड न. १३ को खौला लाकुरी स्वास्थ्य चौकि मा परिवार योजना कार्यक्रम अन्तरगत परिवार नियोजनका आधुनिक साधन आइ.यु.सि.डी/इम्पलान्टको सेवा दिने कार्यक्रम गरी १ जना लाइ आइ.यु.सि.डी ७ जनाको लागि इम्पलान्टको सेवा दिने कम सम्पन्न गरियो।

३. कुश्मा नगरपालिकाको वार्ड न. १४ को आर्थर डाडाखर्क स्वास्थ्य चौकिमा सुरक्षित मात्तृत्व कार्यक्रम अन्तरगत २४ धन्टे प्रसुतिसेवाको गुणस्तर तथा संस्थाको भौतिक अवस्था औषधी एव सामाग्रीको उपल्ब्धता आक्सिमीक अवस्थाको ब्यवस्थापनको तयारी आदी अवस्था अध्ययन गरि अनसाईट कोचिङ सम्पन्न अन्तिम दिन संस्थाको वर्तमान अवस्थाको सुधारका अन्तिम दिनमा कर्मचारी एव ब्यवस्थापन समिती संग बैठक बसि कार्ययोजना पनि बनाउने कार्य गरियो।

## कोभिड-१९ रोग बिरुद्ध खोप अभियान संचालन १८ बर्ष माथिका सम्पुर्ण नगरिकका लागी

- १४ वटै वडा बाट नियमीत रुपमा संचालन
- भेरोसेल पहिलो डोज- ५४४९
- भेरोसेल दोस्रो डोज-२२९
- अस्ट्राजेनिका पहिलो डोज-०
- अस्ट्राजेनिका दोस्रो डोज-१७२
- कुश्मा नगरपालिका अन्तरगतका १६ वटा स्वास्थ्य संस्था बाट नियमीत कार्यक्रमहरु खोप परिवार नियोजन पोषण सुरक्षित मात्तृत्व क्षयरोग कुष्टरोग एव दैनिक बिरामी जाच एव उपचार सेवा सुचारु।
- ६. कुश्मा नगरपालिका अन्तरगत यस आ.ब.मा राष्ट्रिय जनगणना कार्यक्रममा मात्तृमित्युमा सुचित भएका ३ वटा मात्तृमृत्युको भर्बल एटोप्सी गर्ने कार्य सम्पन्न।

## व्यवसाय सचेतनातथा शुरु तालिम कार्य सम्पादन




उद्यमशिलता बाट गरिबी निवारण गर्ने तथा जनशक्तिको विकास गर्ने र बेरोजगार व्यक्तिहरुलाइ उद्यमी बनाउने उद्देश्यका साथ संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यक्रम देशभरिका ७५३ वटै स्थानीय तहहरु मार्फत कार्यन्वयन हुने गरी संचालनमा रहेको छ । गरिबीको रेखामुनि रहेका नेपाली नागरिक, वैदेशिक रोजागार बाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्तिहरु यो मेड्पा कार्यक्रमा लक्षित समुह हुन् । यस कार्यक्रमले नतिजामा आधारित लघु उद्यमविकास कार्यक्रम (मेडपा) मोडलमा कार्यक्रम सचालन गर्दछ जसमा लक्षित समुहलाइ एकीकृत सेवाहरु प्रदान गरी उनीहरुलाइ लघु उद्यमीबन्न सघाउनुका साथै स्वरोजगार रोजगारीको सुनिश्चित गर्दछ । यसै क्रममा यो मेड्पा मोडल संचालन भएका स्थानीय निकाय मध्ये कुश्मा नगरपालिका पनि एक स्थानीय तह रहेको छ । यस नगरपालिकाको वडा नं. ४ कुश्मामा यो कार्यक्रम संचालनको लागि उद्यमशिलता तालिम व्यवसाय सचेतना तथा शुरु साथै लैंगिक समानता तथा सामाजिक समावेशीकरण (TOPE, TOSE, GESI) तालिम कार्यक्रम संचालन पश्चात् यो कार्य सम्पादन प्रतिवेदन पेश गरिएको छ ।



### उद्देश्य

व्यवसाय सचेतनातथा सुरु तालिम कार्यक्रमको उद्धेश्यहरु निम्न रहेका छन

आम्दानी भनेको के हो, आम्दानीका श्रोतहरु के के हुन

- आयमूलक, स्वरोजगार र व्यवसायभने को के हो र यसमा के फरक छ र व्यवसाय गर्दा हुने फाइदा र महत्वको वारेमा स्पष्ट सहभागीहरुले बुझनेछन ।
- सफल उद्यमीको विशेषता र व्यवसायिक अवसरको अवसरको पहिचानवारे प्रष्ट हुनेछन ।
- जोखिम के हो कति प्रकारका हुन्छन, व्यवसायले कस्तो खालको जोखिम वहन गर्न सक्नुपर्छ भन्ने कुराको ज्ञान हासिल गर्नपर्छ ,
- व्यवसायको छनोट कसरी गर्ने भन्ने कुराको जानकारी पाउनेछन ।
- व्यवसायमा व्यवसायीक अबसरको पहिचान कसरी गर्ने भन्ने वारेमा जानकारी प्राप्त गर्नेछन ।
- व्यवसायिक अभ्यास मोडेल २ बाट व्यावसाय गर्ने प्रकिया, लेखा सम्बन्धी जानकारी र विकी गर्ने स्थान उधारो विकीवारेमा व्यावहारीक रुपमा ज्ञान हासिल गर्नेछन ।
- व्यवसायिक योजना के हो र कसरी तयार गरिन्छ भन्ने कुराको जानकारी प्राप्त गर्नेछन ।
- कार्ययोजनातयार पार्नेछन् ।
- तालिम पाठ्यक्रम :

## उद्यमशिलता विकास पाठ्यक्रम

| क .स | पहिलो कक्षा | दोस्रो कक्षा | तेस्रो कक्षा | चौथो कक्षा |
|---|---|---|---|---|
| **पहिलो दिन** | परिचय, आचार संहिता , आसा अपेक्षा संकलन | व्यवसाय के हो,व्यवसाय किन आवश्यक छ ? | सफल उद्यमीका गुणहरु, जोखिम भनेको के हो र जोखिमका प्रकारहरु | उद्यमीका गुण र क्षमतामुल्यांकन |
| **दोस्रो दिन** | दिमागी हलचल | प्रारम्भिक छनौट र सुक्ष्मद छनौट, व्यवायिक अवसरको पहिचान कसरी गर्ने | ग्राहकको महत्व र लक्षित ग्राहक को हुन् ? | ग्राहकलाइ कसरी सन्तुष्ट पार्ने |
| **तेस्रो दिन** | व्यवसायिक खेल मोडल २ अभ्यास | | | अभ्यासको छलफल, लागतका तत्वहरु के के हुन् ? |
| **चौथो दिन** | व्यवसायिक योजनाको बारेमा छलफल तयार तथा मुल्यांकन छलफल, समष्टिकरण | | महिला र पुरुषका शारिरिक र स्वभावगत विशेषताहरु, शारिरिक लिंग र सामाजिक विभेद भिन्नता सामाजिक बन्चितिकरण र समावेशीकरण अवधारणा, बन्चितीकरणको कारण र समावेशीकरणको प्रकृया महिला र पुरुषको काम | |
| **आठौ दिन** | महिला र पुरुषका स्रोत साधनमा महिला र पुरुषको पहुँच र नियन्त्रण<br>महिला उद्यमीका बाधक र सहायक पक्षहरु (समस्या र सम्भावना) | जेसी सम्बन्धि मेडेपको रणनिति, जेसी सम्बन्धी सरकारी निति (उपभोक्ता समितिहरु, सामाजिक संस्था वडा नागरिक मंचहरु आदिमा महिलाको कम्तीमा ३३ प्रतिशत सहभागिता हुनुपर्ने आदि ) | प्रविधि भनेको के हो र महिला मैत्री उपयुक्त प्रविधिहरु के के हुन सक्छन् ?<br>लघु उद्यम विकास द्वारा महिला सशक्तिकरण | प्रविधि भनेको के हो र कार्ययोजना र समापन |

### क्रियाकलापहरु :

#### पहिलो दिन २१ गते:

आजमिती २०७८।०८।२१का दिन तालिमको सुरुवात सहभागिहरुको उपस्थितीमा तालिम ११:०० बजेबाट सुरु भएको थियो । कार्यक्रम सम्पूर्णको सहमतिमा अनौपचारिक रुपमा कार्यक्रम सुरु भएको थियो ।

१ **परिचय:** परिचयात्मक कार्यक्रम एक अर्कामा परिचित (जोडी परिचय)

२ **आशा अपेशा संकलन:**

यो तालिमबाट के कस्ता विषय बस्तुहरु सिक्ने आशा राख्नु भएको छ

प्रशिक्षकबाट कस्तो व्यवसायको अपेक्षा गर्नुभएको छ ?

तालिमलाई प्रभावकारी बनाउन कस्तो नियमहरु बनाउनुपर्ला

३ तालिमका नियमहरु :

- विहान ११:०० वजेवाट तालिम संचालन गरी बेलुका ४:०० बजे तालिम समापन गर्ने ,
- चिया१:१५ वजे खाने र खाजा २:१५ बजे खाने ,
- समयमाउपस्थितीनहुनेलाई कथा , कविता ,गीतगाउने लगायतकाअन्यकार्यकलाप गर्ने,
- एक आपसमाहल्लानगर्ने,
- मोवाइल साइलेन्टमा राख्ने आदिनियमहरु तयार पारियो ।
- यस पछाडि आम्दानीभनेको के हो ?आम्दानीका स्रोतहरु के के हुन? र व्यवसायकिन गर्ने भन्नेबाट तालिमको औपचारीक कलासमाप्रवेश गरिएको थियो
  - आम्दानीका स्रोतहरु :
    - कृषि
    - पशुपालन
    - जागिर
    - उद्यमव्यवसाय

यी सवै व्यवसायगर्दै उद्यमव्यवसायअन्तर्गत आयआर्ज,स्वरोजगार र उद्यम कस्तोलाई भन्ने र उद्योग गर्न किनआवश्यक छ भन्ने वारेमा छलफल गरिएको थियो ।

उद्यम व्यवसाय गर्दा हुने फाइदाहरु :

- जागिर खोज्न बाहिर भौतारिनुनपर्ने
- मेहनतअनुसार आम्दानी गर्नसकिने
- स्थानियस्तरमा खेर गएको कच्चापदार्थको सदुपयोग हुने
- बिदेशीमुद्राआर्जन गर्न सकिने प्रष्ट पारिएको थियो ।
- आफनो मालिकआफै बन्ने वाहुने

सफलउद्यमीको विशेषतामाथि छलफल गरी व्यवस्थापनले आजको कक्षा समाप्तभएको जानकारी गराउदै पहिलो दिनको कार्यक्रम सकिएको थियो ।

- तालिमको दोस्रो दिन :२०७८।०८।२२

आजमिति २०७८।०८।२२ गते सहभागीहरु ठीक ११ बजे उपस्थित भएको हुदाँ कार्यक्रम सुरु गर्ने सहजता भएको थियो साथ साथै व्यवस्थापकबाट कार्यक्रम सुरु भयो र प्रतिवेदकबाट प्रतिवेदन प्रस्तुति गरी मूल्याङ्कन पनि सुनाइ नयाँप्रतिवेदनको चयन सँग सँगै तालिमलाई अगाडी बढाउन व्यवस्थापकले आग्रह गर्दै दोस्रो दिनमा व्यवसाय र परिवार बीचको सम्वन्धबारे छलफछ गरिएको थियो।

व्यवसायमामहिलाको आवश्यकता र महत्व :

- विदेशीमुद्राआर्जन गर्न
- महिलालाई आर्थिक रुपले सक्षमबनाउन
- स्वदेशीमुद्राआर्जन गर्न आदिबारे छलफल गरेका थियौं

**पारिवारिक व्यवसायव्यवस्थापनका समस्याहरु :**

- परिवारिक सहयोग नहुनु
- आर्थिक अवस्थाकमजोर
- परिवारमा मेलमिलापनहुनु
- शिक्षाको कमि
- लैङ्गिक समस्या
- स्वतन्त्रतानहुनु
- पारिवारिक व्यवसायव्यवस्थापनका समस्या समाधानकाउपाएहरु :
- सामाजिक सचेतनातालिम
- शिक्षामाप्रोत्साहित गर्ने आदिबारे छलफल भएको थियो ।

## तालिमको तेस्रो दिन २०७८।०८।२३गते



कक्षा सुरु ठीक ११:०० वजे सहभागीहरुको सक्रिय सहभागितामा भएको थियो । पहिलो दिनको कार्यक्रमका संयोजकबाट प्रतिवेदन प्रस्तुतिकरणको अनुमति पाए बमोजिम सर मिसबाट प्रस्तुत भयो । साथै मुल्याङ्कनकर्ताबाट मुल्यांकन प्रस्तुत गरिएको थियो । जुनज्यादै नै सान्दर्भिक रहेको थियो ादृ त्यस पश्चात गेम मोडेल १ को नियमहरुको वारेमा जानकारी गराउदै सहभागीहरुलाई ४ भागमा विभाजन गरिएको थियो । उक्त समूहहरुको नाम क्रमश : रातो, निलो, हरियो, पहलो, गरी राखिएको थियो ,। त्यसपछि समूहहरुले खेलको क्रममा गरिने क्रियाकलापहरुको बारेमा जानकारी गराइएको थियो खेम खेल्दा सहभागीहरुलाई उद्यमीप्रसाद, उद्यम शिलकुमारी, बचतकुमारी, खर्चिलो बहादूर, र महनतीविरुको भूमिकाम छलफल गराइएको थियो सोहीअनुरुप गेम खेलेको थिए गेम सहभागीहरुले ज्यादै महत्वका साथ खेलेको हुदा खेल सार्न्दभिक हुनपुगेको थियो । खेलमा सबै भन्दा बढी नाफा रातो समूहले कमाउदै उक्तनाफा कसरी कमाउने भयो भन्ने माथि छलफल गरी कार्यक्रमको समय सकिएको व्यवस्थापनबाट जानकारी भयो र कक्षाअन्त्यभयो।

## ❖ तालिमको चौंथो दिन:२०७८।०८।२४ गते

आज मिति २०७८।०८।२४ गते पनि सहभागिहरु समयमा नै उपस्थित हुनु भएकोमा तालिम अगाडी बढाउन सहजता भएको थियो

तालिममा पहिलेको दिनको पूर्ण छलफल गर्दै व्यवसायिक अवसरको पहिचान :

- आयात निर्यात हुने वस्तुहरुको अध्ययन
- स्थानिय कच्चा पदार्थको अध्ययन
- उपलब्ध श्रम र सीपको अध्ययन
- विकास आयोजनाहरुको सञ्चालनको अध्ययन
- भइरहेका उद्योगहरुको अध्ययन
- नयाँ प्रविधिको प्रयोग वा अ

- स्थानीय व्यक्तिहरुको रहनसहन र चाडपर्व
- बाहिरी अनुभव

आदिबारे प्रस्ट हुने गरी छलफल गरेका थियौं साथै कहि समय खाजाको समय भएको हुदाँ खाजा खाएका थियौ , त्यस पश्चात क्रियकलाको बारेमा सानो खेल बाट विक्रियकलाको बारेमा प्रस्ट हुने गरी छलफल गरिएको थियो। व्यवस्थापकले तालिम समाप्तभएको घोषणा गर्नु भएको थियो ।

- ❖ **तालिमको पाँचौ दिन:२०७८।०८।२५ दिन**

  सहभागीहरु पहिलेको दिन जसरी ठीक ११:०० बजे उपस्थित भएका थिए त्यस कारण तालिम सुरु गर्न सहजताभएको थियो । प्रतिवेदन, मूल्याङ्कन प्रस्तुत पश्चात नयाँ टोलि नेता चयन गरी कसरी ग्राहकहरुलाई सन्तुष्टि गर्ने भन्ने बारे छलफल गरीएको थियो र उक्त छलफल पश्चात गेम मोडेल २को बारेमा सहभागीहरुलाई जानकारी गराइएको थियो । सहभागीहरुलाई संख्या हेरी ४ भागमाविभाजन गरी खेलको नितिनियमहरु बारे जानकारी गराइएको थियो । र चिट्टा द्वारा रातो समूह पर्ने खुद्राव्यापारी बन्ने बारेमा पनिजानकारी गराइएको थियो खेल सुरु भएको थियो खेलमा माग तथा आपूर्तिको बारेमा सिकाउन खोजिएको थियो । माग बढे मूल्य घट्छ र मूल्य बढे माग घट्छ भन्ने बारमा जानकारी गराउन खोजिएको थियो र खेल पश्चात समय सकिएको हुदाँ नाफाबारे फेरी छलफल गर्न भनि तालिम सकिएको थियो।

- ❖ **तालिमको छैटौ दिन०७८।०८।२६गते**

सहभागीहरु पहिलेको दिन जसरी समयमाअर्थात दिनको ठिक ११: ०० बजे उपस्थितभइप्रतिवेदन ,मुल्याङ्कन प्रस्तुतपश्चातनयाँ टोलिनेताको चयन गरि तालिम अगाडी बढाइएको थियो । पूर्ण हिजो मोडेल २ खेलको बारेमा छलफल गर्दै लक्षितग्रहकको पहिचानकुन कन आधारमा पहिचान गर्ने :

- उमेरको आधारमा
- लिङ्गको आधारमा
- आम्दानीको आधारमा
- सामाजिकअवस्था र जिवन पद्धतिको आधारमा

इत्यादीबारे छलफल गरी सहभागीहरुलाई मस्तिष्कमन्थनबारेमा जानकारी गराइव्यावसाय छनौट गर्न लगाइएको थिया

सो व्यवसाय स्थानीय स्तरमा रहेको कच्चपदार्थलाइ सदुपयोग गर्ने खालको हुनुपर्नेछ ।

१. सिलाईकटाई तालिम

२. तरकारी तालिम

३.कुखुरापालन

- ❖ **तालिमको सातौं दिन :२०७८। ०८।२७**

२०७८।०८।२७गते पहिलेको दिन जसरी सबै सहभागीहरुको सक्रिय सहभागीतामा सातौं दिनको तालिम सुरु सगैं प्रतिवेदन , मूल्याङ्कन प्रस्तुत गरी नया टोलिनेत ।चयन गरी तालिम अगाडी बढेको थियो हिजोको बारेमा पुण

छलफल गरी व्यावसाय गर्दा किन व्यवसायिक योजनाको आवश्यकता पर्छ भन्नेबारेमा जानाकारी गराउँदै उदाहणको लागि कुखुरा पालन व्यावसायको व्यवसायिक योजना द्वारा सहभागीहरुलाइ प्रस्ट पारिएको थियो र यसबाट सहभागीहरुलाई व्यवसायिक योजना भनेको व्यवसायको ऐना रहेछ भन्ने कुराको बारेमा प्रस्ट जानकारी भएको भन्दै सातौ दिनको तालिमको समय सकिएको घोषणा व्यवस्थापकले जानकारी गराउनु भएको थियो

❖ तालिमको आठौं दिन:मिति २०७८।०८।२८

गते पनि सहभागिहरु समयमा नै उपस्थितभएको हुदातालिम सुरु गर्न सहजता भएको थियो । प्रतिवेदन, मूल्याङ्कनको प्रस्तुतिकरण सगैं नयाँ टोलिनेता चयन गरी पूर्ण हिजोको विषयबस्तु बारे छलफल गरी लिङ्ग भनेको के हो? लैङ्गिक विभेद भनेको के हो ? महिला सशक्तिकरण बारे जानकारी गराइएको थियो । प्रविधि भनेको के हो र महिला मैत्री उपयुक्त प्रविधिहरु के के हुनसक्छन् ? लघु उद्यम विकास द्वारा महिला सशक्तिकरण प्रविधि भनेको के हो र महिला मैत्री उपयुक्त प्रविधिहरु के के हुनसक्छन् ? लघु उद्यम विकास द्वारा महिला सशक्तिकरण पूर्ण पँहुच नियन्त्रण सम्विन्धत छलफल भएको थियो। जेसी सम्बन्धि मेडेपको रणनिति, जेसी सम्बन्धी सरकारी निति ( उपभोक्ता समितिहरु, सामाजिक संस्था वडा नागरिक मंचहरु आदिमा महिलाको कम्तीमा ३३ प्रतिशत सहभागिता हुनुपर्ने आदि) बारेमा पनिजानकारी गराइयो साथै कार्ययोजना पनि तयार पारियो ।यसै क्रममा कार्यक्रमको समापन गर्नको लागि यस कार्यवाहक वडा सदस्यश्री विरेन्द्र रिजाल (खगेन्द्र), साथै कुश्मा नगरपालिका नगर कार्यपालिकामा कार्यरत गरिबि निवारणका लागि लघु उद्यमविकास कार्यक्रमका फोकल पर्सन श्री लाल प्रसाद पध्या, आगमन सँगै समापन कार्यक्रम सुरु भयो । उक्त कार्यक्रममा सहभागी अतिथिहरुले सहभागिहरुलाइ हौसला मिल्ने खालका कुरा हरु राख्नु भएको थियो । समापन कार्यक्रम पनि समाप्त भएको थियो ।

सहभागीहरुको लैंगिक समावेशीकरण यसप्रकार छ ।

| महिला | पुरुष | जम्मा | दलित | | जनजाति | | अन्य | | युवा (१६ - ४०) | | आप्रबासीकामदार | | स्बदेशमाबेरोजगार | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ३२ | ८ | ४० | ९ | ० | ० | ० | २३ | ८ | ३२ | ८ | ० | ० | ० | ० |

## राजश्व शाखा

## आ.व. ०७८/७९ को मंसिर महिनाको आम्दानी विवरण

| सि.नं. | ठेक्काको विवरण | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय दर्ता | १३१०००।०० | |
| २ | सेक्रेट | ३१८४३५।०० | |
| ३ | सवै वडाहरू | १०२०९०।०० | |
| ४ | सम्पत्तीतथा भुमि कर अन्यकर वापत | ५१९४२२।०० | |
| ५ | ढुगा,गिटी लिलाम | ३०००००।०० | |
| | | ६०४५७४७।०० | |
| | जम्मा | ११६४२०५९.०० | |
| निर्माण व्यवसायी संख्या ५२ | | | |
| आ.व.०७८/७९ मा नविकरण भएका निर्माण व्यवसायी संख्या २८ | | | |
| आ.व.०७८/७९ मा नविकरण नभएका निर्माण व्यवसायी संख्या २३ | | | |
| आ.व.०७८/७९ मा नयाँ दर्ता निर्माण व्यवसायी संख्या १ | | | |
| मंसिरमहिनामा नयाँ व्यवसाय दर्ता संख्या ४ | | | |
| मंसिरमहिनामा व्यवसाय नविकरण संख्या १० | | | |

म.ले.प.फा.नं. २१०

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, पर्बत
कार्यालयको कोड : ८०४४२४०१३००

# खर्चको फांटवारी

## २०७८ साल महिना

आ.व. : २०७८/७९ अवधी :२०७८/०८/०१-२०७८/०८/२९ को व्यय

| सि. नं. | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च (%) |
|---|---|---|---|---|---|---|---|---|
| | नाम | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | |
| १ | कुश्मा नगरपालिका | १९,०४,१६,१६४.६४ | १,२६,५०,००० | २०,३०,६६,१६४.६४ | ३८,५२,५३७ | १८,४५,३६९ | ५६,९७,९०६ | २.८१ |
| २ | पूर्वाधार कार्यक्रम | १,३७,६०,२७४ | २,००,५८,००६ | ३,३८,१८,२८० | ० | ० | ० | ० |
| ३ | कुश्मा नगरपालिका - कृषि | ४५,००,००० | ० | ४५,००,००० | १,५९,१५० | ० | १,५९,१५० | ३.५४ |
| ४ | कुश्मनगरपालिका - पशु विकास | ४०,००,००० | ० | ४०,००,००० | ० | ० | ० | ० |
| ५ | कुश्मानगरपालिका - फोहोरमैला तथा विपद ब्यवस्थापन | ३८,५०,००० | १,५०,००० | ४०,००,००० | ९,६७,२९९ | ० | ९,६७,२९९ | २४.१८ |
| ६ | कुश्मानगरपालिका - शिक्षा | १,७३,००,००० | ६,००,००० | १,७९,००,००० | २,५०,००० | ० | २,५०,००० | १.४ |
| ७ | कुश्मानगरपालिका - स्वास्थ्य | २८,००,००० | २,००,००० | ३०,००,००० | ५०,००० | ० | ५०,००० | १.६७ |
| ८ | कुश्मानगरपालिका - खेलकुद | १३,००,००० | ० | १३,००,००० | ० | ० | ० | ० |
| ९ | कुश्मानगरपालिका - महिला बालबालिका | २२,००,००० | ० | २२,००,००० | १,३५,७०० | ० | १,३५,७०० | ६.१७ |
| १० | कुश्मानगरपालिका - संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | ७९,१५,००० | ५५,००,००० | १,३४,१५,००० | ५५,३०० | ० | ५५,३०० | ०.४१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | कुश्मानगरपालिका - सहकारी | १२,००,००० | १,००,००० | १३,००,००० | ० | ० | ० | ० |
| १२ | कुश्मानगरपालिका-लघु उद्दम | ५०,००० | ० | ५०,००० | ० | ० | ० | ० |
| १३ | कुश्मानगरपालिका-उपभाेक्ता हित संरक्षण | १,५०,००० | ० | १,५०,००० | ० | ० | ० | ० |
| १४ | सडक वोर्डनेपाल | ० | १,०८,३६,५५५.३६ | १,०८,३६,५५५.३६ | ० | ० | ० | ० |
| १५ | कुश्मानगरपालिकावडा नं.१ | १५,६५,००० | ३२,२०,००० | ४७,८५,००० | ४५,००० | २,८४,९०५ | ३,२९,९०५ | ६.८९ |
| १६ | कुश्मानगरपालिकावडा नं.२ | १७,७६,००० | २२,९५,००० | ४०,७१,००० | ८४,००० | ४०,८३२ | १,२४,८३२ | ३.०७ |
| १७ | कुश्मानगरपालिकावडा नं.३ | १८,७५,००० | २५,५४,००० | ४४,२९,००० | ५,००० | ० | ५,००० | ०.११ |
| १८ | कुश्मानगरपालिकावडा नं.४ | १५,३५,००० | २०,००,००० | ३५,३५,००० | ३,३०,००० | ० | ३,३०,००० | ९.३४ |
| १९ | कुश्मानगरपालिकावडा नं.५ | १६,००,००० | १९,३५,००० | ३५,३५,००० | ९९,७१९ | ० | ९९,७१९ | २.८२ |
| २० | कुश्मानगरपालिकावडा नं.६ | १७,३५,००० | १८,००,००० | ३५,३५,००० | ४४,९५० | ० | ४४,९५० | १.२७ |
| २१ | कुश्मानगरपालिकावडा नं.७ | ९,८५,००० | २५,५०,००० | ३५,३५,००० | ० | ० | ० | ० |
| २२ | कुश्मानगरपालिकावडा नं.८ | २१,८१,००० | १८,९०,००० | ४०,७१,००० | ४०,११७ | २,३६,२२२ | २,७६,३३९ | ६.७९ |
| २३ | कुश्मानगरपालिकावडा नं.९ | १४,००,००० | २६,७१,००० | ४०,७१,००० | २८,७५० | ० | २८,७५० | ०.७१ |
| २४ | कुश्मानगरपालिकावडा नं.१० | २०,२१,००० | २०,५०,००० | ४०,७१,००० | ९३,१५४ | ० | ९३,१५४ | २.२९ |
| २५ | कुश्मानगरपालिकावडा नं.११ | १०,९६,००० | २९,७५,००० | ४०,७१,००० | ० | ० | ० | ० |
| २६ | कुश्मानगरपालिकावडा नं.१२ | २२,२९,००० | २२,००,००० | ४४,२९,००० | ३७,००० | २,८२,३५१ | ३,१९,३५१ | ७.२१ |
| २७ | कुश्मानगरपालिकावडा नं.१३ | १८,४९,००० | २५,८०,००० | ४४,२९,००० | ० | ० | ० | ० |
| २८ | कुश्मानगरपालिकावडा नं.१४ | ३०,२९,००० | १४,००,००० | ४४,२९,००० | ० | ० | ० | ० |
| २९ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्तअनुदान) | ३६,६५,००,००० | ३,२०,००,००० | ३९,८५,००,००० | २,००,००० | ६०,००० | २,६०,००० | ०.०७ |
| ३० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेशअनुदान) | ० | १,६६,००,००० | १,६६,००,००० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **३१** | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरकअनुदान) | ० | १,३९,००,००० | १,३९,००,००० | ० | ० | ० | ० |
| **३२** | प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ० | ५०,००,००० | ५०,००,००० | ० | ० | ० | ० |
| **३३** | प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ० | ५०,००,००० | ५०,००,००० | ० | ० | ० | ० |
| | जम्मा | ६४,०८,१७,४३८.६४ | १५,४७,१४,५६१.३६ | ७९,५५,३२,००० | ६४,७७,६७६ | २७,४९,६७९ | ९२,२७,३५५ | १.१५ |

# कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कुश्मा, पर्वत

रामचन्द्र जोशी
प्रमुख
९८५७६३००१७

सिता कुमारी काफ्ले लामिछाने
उप–प्रमुख
९८५७६३०२५७

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत
९८५७०४३१११

ध्रुवराज पौडेल
सूचना अधिकारी
९८५७६२०१४१

ई. राजीव रिमाल
सूचना प्रविधि अधिकृत
९८४०६०३९४३

Email- info@kushmamun.gov.np, phone: 067-420141
website : www.kushmamun.gov.np